# दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १० मितिः २८ आषाढ, २०८० साल

# भाग-२

दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रधानाध्यापक छनोट तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना :** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा सक्षम, योग्य, दक्ष र शिक्षण सुधारमा बढी झुकाव भएको शिक्षकलाई प्रधानाध्यापकका रुपमा नियुक्ति गरी विद्यालयको व्यवस्थापनमा सुधार गर्दै शिक्षाको गुणस्तर सुधार गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शिक्षा ऐन, २०७५ तथा शिक्षा नियमावली, २०७६ को नियम ११५ ले दिएको अधिकार प्रयोग गरी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा विद्यालयको प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गरी विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीको रुपमा नेतृत्व गर्ने प्रधानाध्यापक छनोट तथा व्यवस्थापन गर्न दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले प्रधानाध्यापक छनोट तथा व्यवस्थापन कार्यविधि, २०८० जारी गरेको छ।

## परिच्छेद - १
## संक्षिप्त नाम, परिभाषा र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "प्रधानाध्यापक छनोट तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा प्रधानाध्यापक छनोट तथा व्यवस्थापन गर्न लागु हुनेछ।

(३) यो कार्यविधि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "नगरपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, दिक्तेल, खोटाङ सम्झनुपर्छ।

(२) "ऐन" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शिक्षा ऐन, २०७५ सम्झनुपर्छ।

(३) "नियमावली" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शिक्षा नियमावली, २०७६ सम्झनुपर्छ।

(४) "कार्यविधि" भन्नाले प्रधानाध्यापक छनोट तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनुपर्छ।

(५) "कार्यपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपाललिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(६) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(७) "संस्थागत" विद्यालय भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(८) "विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन गर्न गठित समिति सम्झनुपर्छ।

(९) "प्रधानाध्यापक" भन्नाले नगर शिक्षा नियमावली, २०७६ को नियम ५३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ।

(१०) "शिक्षक" भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापकलाई सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउनेछ।

(११) "अधिकृत" भन्नाले संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहमा कार्यरत स्थायी अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ।

(१२) "छनोट समिति" भन्नाले परिच्छेद २ को दफा ७ उपदफा २ बमोजिमको प्रधानाध्यापक छनोट समितिलाई सम्झनुपर्छ।

(१३) "कामकाज" भन्नाले हाल जुन विद्यालयमा पदाधिकार/दरबन्दी छ उक्त विद्यालयबाट अर्को विद्यालयमा प्रधानाध्यापक वा शिक्षकको रुपमा कार्यसम्पादन गर्न खटाईएको व्यवस्थालाई सम्झनुपर्छ।

## परिच्छेद - २

## प्रधानाध्यापकको नियुक्ति

**३. प्रधानाध्यापक विद्यालयको प्रमुख हुनेः** विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रुपमा कार्य गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ। प्रधानाध्यापकले विद्यालयको समग्र प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक उतरदायित्व बहन गर्नु पर्नेछ।

**४. सूचना प्रकाशन गर्नेः** (१) प्रधानाध्यापकको नियुक्तिका लागि छनोट समितिले १५ दिनको समयसीमा दिई दफा ६ बमोजिमको योग्यता पुगेका शिक्षकहरुलाई दरखास्त दिनका लागि सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्तिका लागि छनोट समितिले नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयमा एकैपटक वा चरणबद्ध रुपमा हुने गरी सूचना प्रकाशन गर्न सक्नेछ।

(३) सूचना प्रकाशन गर्दा विद्यालय विकास प्रस्ताव प्रस्तुतीकरण, छलफल, लिखित परीक्षा र अन्तर्वार्ताको मिति र समय उल्लेख गर्नुपर्नेछ।

**५. दरखास्त दिनेः** (१) दफा (४) बमोजिम सूचना प्रकाशन भएपछि विद्यालयमा प्रधानाध्यापक पदमा उम्मेदवार हुन इच्छुक शिक्षकले तोकिएको समयसीमाभित्र अनुसूची-२ र ३ मा तोकिएको ढाँचाको आवेदन फारम नगरपालिकाको छनोट समितिबाट लिएर भर्नु पर्नेछ। भरिएको फारम साथ विद्यालय विकास प्रस्ताव, शैक्षिक योग्यता र तालिम प्रमाणपत्रका प्रतिलिपिहरु, स्थायी नियुक्ति र बढुवा नियुक्तिका प्रतिलिपि, अनुभवको प्रमाण सहित नगरपालिकाको प्रधानाध्यापक छनोट समितिमा तोकिएको समय सीमाभित्र पेश गर्नु पर्नेछ। विद्यालय विकास प्रस्ताव आफू कार्यरत विद्यालयसँग सम्बन्धित हुनु पर्नेछ। प्रधानाध्यापकका रुपमा अन्य विद्यालयमा नियुक्ति भएमा नियुक्ति भएको एक महिनाभित्र विद्यालय विकास प्रस्तावलाई कामकाजमा खटाइएको विद्यालयसँग सम्बन्धित बनाई शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ। जुन तहको प्रधानाध्यापक हुन चाहेको हो सोही तहका लागि विद्यालय विकास प्रस्ताव तयार गर्नु पर्नेछ।

(२) दरखास्त शुल्कः विद्यालयमा प्रधानाध्यापकका रुपमा नियुक्त हुन चाहने शिक्षकले देहाय अनुसारको दरखास्त शुल्क बुझाउनु पर्नेछः

(क) आधारभुत तह (कक्षा १-५) का लागि रु. १,०००।-

(ख) आधारभुत तह (कक्षा १-८) का लागि रु. १,२००।-

(ग) माध्यामिक तह (कक्षा १-१०/१-१२) का लागि रु. १,५००।-

६. **प्रधानाध्यापकका लागि उम्मेदवार हुन चाहने शिक्षकका लागि न्यूनतम योग्यताः** (१) सामुदायिक माध्यामिक विद्यालयका लागि प्रधानाध्यापक हुन नगरपालिकाको सेवाक्षेत्र भित्रका सामुदायिक विद्यालयको माध्यामिक शिक्षक दरबन्दीमा स्थायी शिक्षक नियुक्ति भई कम्तिमा पाँच वर्ष पूरा गरेको र शैक्षिक योग्यता स्नातकोत्तर तह उत्तीर्ण भएको वा स्नातक तह उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको हुनु पर्नेछ।

(२) माध्यामिक विद्यालयको प्रधानाध्यापक नियुक्तिका लागि गरिएको विज्ञापनमा कुनै माध्यमिक विद्यालयका लागि उपदफा (१) अनुसारको उम्मेदवारी प्राप्त नभएका अवस्थामा स्नातकोत्तर तह उत्तीर्ण भई माध्यमिक तहमा स्थायी शिक्षकको रुपमा कार्यरत रहेका र एक बर्ष सेवा अवधि अनुभव भएका शिक्षकहरूले उम्मेदवार हुन पाउनेछन्।

(३) उपदफा (२) अनुसार नभएमा स्नातकोत्तर तह उत्तीर्ण भई निम्न माध्यमिक तहको शिक्षक स्थायी नियुक्ति लिई कम्तिमा पाँच वर्ष अनुभव भएका शिक्षकहरूले पनि माध्यमिक तहको प्रधानाध्यापकका लागि उम्मेदवार हुन पाउनेछन्।

(४) उपदफा (३) अनुसार नभएमा स्नातकोत्तर तह उत्तीर्ण भई निम्न माध्यमिक तहको शिक्षक स्थायी नियुक्ति लिई कम्तिमा एक वर्ष अनुभव भएका शिक्षकहरूले पनि माध्यमिक तहको प्रधानाध्यापकका लागि उम्मेदवार हुन पाउनेछन्।

(५) उपदफा (४) अनुसार नभएमा स्नातकोत्तर तह उत्तीर्ण भई प्राथमिक तहमा स्थायी शिक्षकको रुपमा पाँच वर्ष शिक्षण अनुभव भएका शिक्षकहरूले समेतले माध्यमिक तहको प्रधानाध्यापकका लागि उम्मेदवार हुन पाउनेछन्।

(६) सामुदायिक आधारभूत (प्रारम्भिक बाल कक्षादेखि कक्षा ८ सम्मका) विद्यालयको प्रधानाध्यापक हुन नगरपालिकाको सेवाक्षेत्र भित्रका सामुदायिक विद्यालयको निम्न माध्यमिक शिक्षक दरबन्दीमा स्थायी शिक्षक नियुक्ति भई कम्तिमा पाँच वर्ष पूरा गरी स्नातक तह उत्तिर्ण भएको हुनु पर्नेछ।

(७) सामुदायिक आधारभूत (प्रारम्भिक बाल कक्षादेखि कक्षा ८ सम्मका) विद्यालयको प्रधानाध्यापक नियुक्तिका लागि गरिएको विज्ञापनमा कुनै विद्यालयका लागि उपदफा (६) अनुसारको उम्मेदवार प्राप्त नभएका अवस्थामा प्रधानाध्यापक हुनका लागि निम्न माध्यमिक दरबन्दीमा स्थायी शिक्षकको रुपमा एक वर्ष अनुभव प्राप्त गरी स्नातक उपाधी प्राप्त गरेका शिक्षकहरूले उम्मेदवार हुन पाउने छन्।

(८) उपदफा (७) अनुसार नभएमा प्राथमिक शिक्षक दरवन्दीमा स्थायी नियुक्ति लिई कम्तिमा पाँच वर्ष सेवा अवधि पुरा गरी स्नातक तहको शैक्षिक योग्यता पूरा भएका शिक्षक पनि प्रधानाध्यापकका लागि उम्मेदवार हुन पाउने छन्।

(९) सामुदायिक आधारभूत (प्रारम्भिक बाल कक्षादेखि कक्षा ३ र प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्मका) विद्यालयको प्रधानाध्यापक हुन नगरपालिकाको सेवाक्षेत्र भित्रका सामुदायिक विद्यालयको प्राथमिक शिक्षक दरबन्दीमा स्थायी शिक्षक नियुक्ति भई कम्तिमा पाँच वर्ष पूरा गरेको र शैक्षिक योग्यता प्रविणता प्रमाणपत्र तह/कक्षा १२ उत्तिर्ण भएको हुनुपर्नेछ।

(१०) सामुदायिक आधारभूत (प्रारम्भिक बाल कक्षादेखि कक्षा ३ र प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्मका) विद्यालयको प्रधानाध्यापक नियुक्तिका लागि गरिएको विज्ञापनमा कुनै विद्यालयका लागि उपदफा (९) अनुसारको उम्मेदवार प्राप्त नभएका अवस्थामा प्रधानाध्यापक हुनका लागि प्राथमिक दरबन्दीमा स्थायी शिक्षकको रुपमा एक वर्ष अनुभव प्राप्त गरी शैक्षिक योग्यता प्रविणता प्रमाणपत्र तह/कक्षा १२ उत्तीर्ण गरेका शिक्षकहरूले उम्मेदवार हुन पाउने छन्।

(११)विद्यालयको प्रधानाध्यापक हुनका लागि दरखास्त दिने शिक्षक उच्च नैतिक चरित्र भएको हुनुपर्नेछ।

(१२)प्रधानाध्यापकको पदमा उम्मेदवार हुन कुनै राजनैतिक दलमा सहभागी नभएको हुनुपर्नेछ।

(१३)उमेरका कारणले अनिवार्य अवकाश हुन २ वर्षभन्दा कम अवधि बाँकी भएका शिक्षक प्रधानाध्यापकको उम्मेदवार हुन पाउने छैनन्।

**७. प्रधानाध्यापक छनोटका लागि संस्थागत व्यवस्थाः** (१) यो कार्यविधि लागु हुनुभन्दा पहिला नियुक्ति भएका सम्पूर्ण प्रधानाध्यापकको पदावधि समाप्त गरी अर्को व्यवस्था नहुन्जे सम्मका लागि निजहरुले निमित्त प्रधानाध्यापक भई कामकाज गर्ने गरी नगरपालिकाले व्यवस्था गर्नेछ।

(२) यो कार्यविधि लागु भएपश्चात नगरपालिका भरिका सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापकको नियुक्ति यो कार्यविधि अनुसार गरिने छ।

(३) सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनोटका लागि यस कार्यविधिको दफा (१३) बमोजिमको आधार र मापदण्ड बमोजिम मूल्याङ्कन गरी योग्यता प्रणालीका आधारमा गरिनेछ।

(४) उपदफा ३ बमोजिम प्रधानाध्यापक छनोट गर्नका लागि देहाय अनुसारको एक प्रधानाध्यापक छनोट समिति रहने छः

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) नगर शिक्षा समितिबाट मनोनित २ जना बिज्ञ — सदस्य

(ग) शिक्षा विकास समन्वय इकाईका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि — सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य सचिव

(५) प्रधानाध्यापक छनोट समितिका काम, कर्तव्य र अधिकारहरूः

(क) प्रधानाध्यापक छनोट प्रयोजनका लागि योग्य, अनुभवी, सक्षम एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित देहाय बमोजिमको योग्यता, अनुभव भएका व्यक्तित्वहरुलाई छनोट समितिले आवश्यक कागजात लिई विज्ञको रोष्टर सूचीमा समावेश गर्ने।

देहाय

- नेपाली नागरिक
- नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधी प्राप्त गरेका
- शिक्षा प्रशासन क्षेत्रमा राजपत्राङ्कित द्वितीय श्रेणी, उपप्राध्यापक वा माध्यमिक शिक्षक द्वितीय श्रेणीमा कम्तिमा दश वर्ष अनुभव प्राप्त गरेका

(ख) उपदफा (५) (क) बमोजिमका विज्ञहरूको सूची नगर शिक्षा समितिले Talent hunt मार्फत उपलब्ध गराएको विज्ञहरूलाई रोष्टर सूचीमा समावेश गर्ने।

(ग) प्रधानाध्यापक पदका दरखास्त लिनका लागि सूचना प्रकाशन गर्ने।

(घ) प्रधानाध्यापकको पदमा दरखास्त दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र समितिले उम्मेदवारहरु मार्फत प्राप्त भएका सबै कागजातहरु रुजु गरी फाराम स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको अलग-अलग सूची तयार गरी प्रकाशन गर्ने।

(ङ) आवेदन फाराम स्वीकृत भएका उम्मेदवारहरुको शैक्षिक योग्यता,अनुभव,जेष्ठता,तालिम र अध्यापन गरेको विषयको नतिजा बापतको अंकनका लागि उम्मेदवारले पेश गरेका कागजातहरु अध्ययन गरी निजहरुको प्राप्ताङ्क कम्प्युटर प्रविष्टि र तालिकीकरण गर्ने।

(च) उम्मेदवारहरुले पेश गरेको विद्यालय विकास प्रस्ताव १५ दिनभित्र मूल्याङ्कन गरी अङ्क प्रदान गरी कम्प्युटर प्रविष्टि गर्ने।

(छ) नेतृत्व लिने क्षमता बापतको अंक नगर शिक्षा समितिको अध्यक्ष र शिक्षा, युवा तथा खेलकूद शाखाका प्रमुखबाट लिई कम्प्युटर प्रविष्टि गर्ने।

(ज) उम्मेद्वारहरुको मूल्याङ्कनलाई अझ वस्तुनिष्ठ बनाउन र आफ्नो कार्य जिम्मेवारीलाई वैज्ञानिक तरिकाले सम्पादन गर्न यस कार्यविधिमा उल्लेख गरिएका अलवा मूल्याङ्कनका थप आधार र मापदण्ड समिति आफैंले तय गरी कार्यान्वयन गर्न सक्नेछ।

(झ) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकको अध्यक्षता छनौट समितिको संयोजकले गर्नेछ। समितिले आवश्यकता अनुसार आफ्नो कार्य जिम्मेवारीसँग सम्बन्धित विषयमा छलफल गर्न एवं आवश्यक जानकारी लिन आमन्त्रण गर्न सकिनेछ।

(ञ) समितिले उम्मेदवारहरुको लिखित परीक्षाका प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिकाहरु परीक्षण गर्न रोष्टर सूचीमा रहेका विज्ञहरुको प्रयोग गर्नेछ।

(ट) छनोट समितिले उम्मेदवारहरुको अन्तर्वार्ता सञ्चालन गर्न छनोट समितिमा रहेका विज्ञहरु तथा आवश्यक अन्य विज्ञहरुको प्रयोग गर्नेछ।

(ठ) सबै आधार र मापदण्डमा उम्मेदवारले प्राप्त गरेको अङ्क रुजु गरी कुल प्राप्ताङ्कका आधारमा उम्मेदवारहरुको योग्यताक्रम सूची तयार गरी नतिजा प्रकाशन गर्ने।

(ड) नतिजा प्रकाशन गर्दा तहगत बैकल्पिक सूची प्रकाशन गर्ने।

(ढ) प्रकाशन गरिएको योग्यताक्रमको सूची अनुसार उम्मेदवारहरुलाई विभिन्न विद्यालयमा प्रधानाध्यापकका रुपमा नियुक्त गर्न सिफारिस साथ नगर शिक्षा समितिमा पेश गर्ने।

(ण) प्रधानाध्यापक छनोट सम्बन्धी कागजातहरु सिलबन्दी गरी तोकिएको समयसम्म सुरक्षित साथ राख्ने  प्रवन्ध गर्ने।

(त) प्रधानाध्यापक छनोट समितिलाई आवश्यक पर्ने अन्य कार्यविधि र उप-समिति बनाउने।

(थ) प्रधानाध्यापक छनोट सम्बन्धी नगर शिक्षा समितिले तोकिदिएका अन्य कामहरु गर्ने।

(६) छनोट समितिका पदाधिकारीले नियमानुसार बैठक भत्ता पाउनेछन्।

**८. प्रधानाध्यापकको नियुक्तिः** (१) प्रधानाध्यापक छनोट समितिले मूल्याङ्कनका सबै प्रकृया तथा मापदण्ड बमोजिम तयार गरी सिफारिस सहित पठाएको योग्यता सूचीलाई नगर शिक्षा समितिले स्वीकृत गरेपछि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले प्रधानाध्यापकको योग्यता क्रमका आधारमा विद्यालय तोकी कामकाज गर्न खटाउने छन्।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापकलाई कामकाजमा खटाउँदा एउटै विद्यालयबाट एकभन्दा बढीको नाम प्रधानाध्यापकको नियुक्तिका लागि सिफारिस भएको अवस्थामा योग्यता क्रम अनुसार निज कार्यरत विद्यालयमा र अरु उम्मेदवारहरुलाई संभव भएसम्म निजहरुलाई पायक पर्ने नजिककै अर्को विद्यालयमा प्रधानाध्यापक नियुक्त गरिनेछ।

(३) उपदफा (१) बमोजिम प्रधानाध्यापकको नियुक्ति सँगै नव नियुक्त प्रधानाध्यापकले आफ्नो विद्यालय विकास प्रस्तावमा उल्लेख भएका कार्यकलापहरूलाई समयबद्ध ढंगले पूरा गर्ने गरी नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृत र शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुखसँग कार्यसम्पादन करार गर्नु पर्नेछ। प्रधानाध्यापकले आफूले नियुक्ति पाएको विद्यालयका शिक्षक स्टाफ बैठकमा आफूले गर्ने भनी कार्यसम्पादन करारमा उल्लेख भएका कार्यकलापहरूबारे जानकारी गराउनु पर्नेछ साथै शिक्षकहरुसँग सो विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रोहबरमा छुट्टाछुट्टै कार्यसम्पादन करार गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्ति हुँदा एउटै विद्यालयबाट एकभन्दा बढी उम्मेदवार प्रधानाध्यापक नियुक्ति भई गएको वा सम्बन्धित विद्यालयमा कार्यरत व्यक्तिभन्दा फरक व्यक्ति प्रधानाध्यापक नियुक्त भएको अवस्थामा आधारभूत विद्यालय कक्षा १-५, कक्षा १-८ र माध्यमिक विद्यालय कक्षा १-१०/१-१२ मा विषय शिक्षकलाई विषय मिल्ने गरी नगरपालिकाले एक बिद्यालयबाट सम्भव

भएसम्म स्वीकृत दरबन्दी वा सो नभएमा समान तह र विषयको राहत अनुदान वा शिक्षण सिकाई सहयोग अनुदान कोटाका कार्यरत शिक्षकहरुलाई यस प्रयोजनका लागि आवश्यकताका आधारमा जुनसुकै बखत अर्को विद्यालयमा कामकाजमा खटाउन सक्नेछ।

(५) कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा तहगत बैकल्पिक सूचीबाट नियुक्ति गरिनेछ।

(६) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था भए तापनि कुनै विद्यालयमा कार्यरत तहगत शिक्षक प्रधानाध्यापकका लागि सिफारिस भए पश्चात नगर शिक्षा समितिले निजलाई प्रधानाध्यापक नियुक्तिका लागि सोही विद्यालयमा प्राथमिकता दिन सक्नेछ।

(७) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै व्यवस्था भए तापनि संस्थागत विद्यालयमा प्रधानाध्यापक नियुक्तिका लागि सञ्चालक समितिले निर्धारण गरेको कार्यविधि अनुरुप हुनेछ।

**९. प्रधानाध्यापकको पदावधिः** (१) प्रधानाध्यापकको पदावधि सामान्यतः नियुक्त भएको मितिले पाँच वर्षको हुनेछ। प्रधानाध्यापक पदमा नियुक्ति र करार सम्झौता गरेको मितिले एक वर्षसम्म निजको परीक्षण काल रहनेछ। कार्यसम्पादन करारका आधारमा पहिलो वर्ष परीक्षणकालको मूल्याङ्कन, तेस्रो वर्ष मध्यावधि मूल्याङ्कन र पाँचौं वर्षको अन्त्यमा अन्तिम मूल्याङ्कन गरिनेछ। मूल्याङ्कन गर्दा प्रधानाध्यापकको कार्यसम्पादन सन्तोषजनक/राम्रो देखिएमा पुनः सो पदमा पाँच वर्षका लागि एकपटक प्रधानाध्यापकको सेवाअवधि थप गर्न सकिनेछ। परीक्षण कालमा नै प्रधानाध्यापकको कार्यसम्पादन सन्तोषजनक नभएको अवस्थामा नियुक्ति गर्ने अधिकारीले परीक्षणकाल अवधिभित्र जुनसुकै बखत प्रधानाध्यापक पदबाट हटाउन सक्नेछ। विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिबाट प्रधानाध्यापकको कार्यसम्पादन सन्तोषजनक नभएको अवस्थामा नियुक्ति गर्ने अधिकारीले परीक्षणकाल अवधिभित्र जुनसुकै बखत प्रधानाध्यापक पदबाट हटाउन सक्नेछ। विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिबाट लेखी आएका अवस्थामा नगरपालिकाबाट अनुगमन हुँदा सो

कुरा पुष्टि भएमा नगर शिक्षा समितिले निजलाई साविकको पदमा फिर्ता गरिने छ। तर, निजलाई  सफाईको मौका प्रदान गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रधानाध्यापकको पद रिक्त हुनेछः

(क) प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति मार्फत शिक्षा, युवा तथा खेलकुद शाखामा राजिनामा दिएमा।

(ख) कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको भनी विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले पदमुक्त गरेमा।

(ग) पदीय र नैतिक आचरण विपरितको काम गरेको प्रमाणित भएमा।

(घ) विद्यालयको चल अचल सम्पत्ति हिनामिना वा दुरुपयोग गरेमा।

(ङ) निजको उमेर साठी वर्ष पूरा भएमा।

(च) निजको मृत्यू भएमा।

**१०. प्रधानाध्यापकका काम, कर्तव्य र अधिकारः** विद्यालयका प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शिक्षा नियमावली, २०७६ को नियम ५४ मा उल्लेख भए अनुसार हुनेछन्।

**११. प्रधानाध्यापकले पाउने सुविधाः** (१) यस कार्यविधी बमोजिम नियुक्त प्रधानाध्यापकलाई हाल प्रधानाध्यापकले खाईपाई आएको मासिक भत्तामा नगर कार्यापालिकाको निर्णय अनुसार थप सुविधा प्रधानाध्यापक पदमा नियुक्ति भएका मिति देखि लागु हुनेछ। कार्यम्पादनका आधारमा यस सुविधालाई समसामयिक बनाउँदै लगिने छ।

(२) प्रधानाध्यापकको कार्यसम्पादनका आधारमा सार्वजनिक कार्यक्रमको आयोजना भएको समयमा वार्षिक रुपमा पुरस्कार र प्रोत्साहन प्रदान गरिनेछ।

**१२. निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नु पर्नेछ। तर, यसरी निमित्त प्रधानाध्यापक नियुक्ति गर्दा माध्यमिक विद्यालयको हकमा कम्तिमा स्नातकोत्तर तह, आधारभूत तह (कक्षा १-८) को हकमा कम्तिमा स्नातक तह र आधारभूत तह (कक्षा १-५ वा सो भन्दा तल्ला कक्षासम्म) सञ्चालित विद्यालयमा कम्तिमा प्रविणता प्रमाणपत्र वा दश जोड दुई/कक्षा १२ उत्तीर्णहरु मध्येवाट वरिष्ठतम स्थायी शिक्षकलाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिनुपर्नेछ। यदि वरिष्ठ शिक्षक विविध कारणले निमित्त प्रधानाध्यापक हुन नसकेमा विद्यालय व्यावस्थापन समितिको निर्णय तथा सिफारिसका आधारमा नगरपालिकाले दोस्रो वा क्रमशः वरिष्टतम स्थायी शिक्षकलाई निमित्त प्रधानाध्यापक तोक्नेछ।

## परिच्छेद - ३

## प्रधानाध्यापक छनौटका आधार तथा मापदण्डहरु

**१४. प्रधानाध्यापक छनौटका आधार तथा मापदण्डः** प्रधानाध्यापकको छनौटका लागि १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिनेछ। मूल्याङ्कनका आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछन्:

<u>१. शैक्षिक योग्यता बापत १५ अङ्क</u>

अ. न्युनतम शैक्षिक योग्यता बापत १० अङ्क

(क) प्रथम श्रेणी भए १० अङ्क

(ख) द्वितीय श्रेणी भए ८ अङ्क

(ग) तृतीय वा उत्तीर्ण श्रेणी भए ६ अङ्क

आ. माथिल्लो शैक्षिक योग्यता बापत ५ अङ्क

(क) प्रथम श्रेणी भए ५ अङ्क

(ख) द्वितीय श्रेणी भए ४ अङ्क

(ग) तृतीय वा उत्तीर्ण श्रेणी भए ३ अङ्क

स्पष्टीकरण: माथिल्लो शैक्षिक योग्यता भन्नाले माध्यामिक तहका हकमा एम फिल वा स्नातकोत्तर भन्दा माथि, आधारभूत तह प्रारम्भिक बालकक्षा देखि ८ सम्मका लागि स्नातकोत्तर तह, आधारभूत तह प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्मका लागि स्नातक तहलाई माथिल्लो शैक्षिक योग्यता मानिनेछ।

२. शिक्षण अनुभव बापत १० अङ्क

(क) सम्बन्धित तहमा स्थायी नियुक्ति पाई कामकाज गरेको शिक्षण अनुभवका लागि प्रतिवर्ष ०.५ का दरले बढीमा १० अंक दिइनेछ।

३. जेष्ठता बापत ४ अंक

(क) प्रथम श्रेणी भए ४ अङ्क

(ख) द्वितीय श्रेणी भए ३ अङ्क

(ग) तृतीय वा उत्तीर्ण श्रेणी भए २ अङ्क

४. तालिम बापत ८ अङ्क

क. शैक्षिक तालिम बापत ५ अङ्क

(अ) प्रथम श्रेणी भए ५ अङ्क

(आ) द्वितीय श्रेणी भए ४ अङ्क

(इ) तृतीय वा उत्तीर्ण श्रेणी भए ३ अङ्क

न्यूनतम १० महिनाको प्रमाणपत्र सहितको सेवाकालीन तालिम वा शिक्षा शास्त्रमा सम्बन्धित तहका लागि आवश्यक शैक्षिक उपाधि प्राप्त गरेको ।

ख. विद्यालय व्यवस्थापन तालिम ३ अङ्क

(अ) प्रथम श्रेणी भए ३ अङ्क

(आ) द्वितीय श्रेणी भए २ अङ्क

(इ) तृतीय वा उत्तीर्ण श्रेणी भए १ अङ्क

५. अध्यापन गरेको विषयमा प्राप्त नतिजा ३ अङ्क

अध्यापन गरेको विषयमा प्राप्त नतिजा बापत अङ्क दिंदा पछिल्लो ३ शैक्षिक सत्रमा प्रत्येक शैक्षिक सत्रको बढीमा १ अङ्कका दरले बढीमा ३ अङ्क दिइनेछ। अङ्क दिंदा प्रति वर्ष देहायका आधारमा दिइनेछ।

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको नगरपालिकाको औसत उत्तीर्ण प्रतिशत}} \times ३$$

६. विद्यालय विकास प्रस्तावको मूल्याङ्कन कूल २५ अङ्क

क. विद्यालय विकास प्रस्ताव बापत देहाय बमोजिम १५ अङ्क दिईनेछ:

१. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय लगायत समग्र वस्तुस्थितिको विश्लेषण।

२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि।

३. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय स्थिति र अपेक्षित उपलब्धि बिचको सूचकगत अन्तर विश्लेषण।

४. अपेक्षित उपलब्धि हासिल गर्नका लागि शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय क्षेत्रमा गर्नुपर्ने सुधार योजना (रणनीति तथा कार्यनीति र कार्यक्रम सहित)।

५. प्रस्तावित योजना कार्यान्वयनको कार्ययोजना खाका (आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलाप छुट्याउनुपर्ने) र सोको मूल्याङ्कनका सूचकहरु।

६. विद्यालय विकास प्रस्तावको भाषा, भाषिक शुद्धता, लेखाइको स्तर, विद्यालय विकास प्रस्तावको ढाँचा अनुसूचीमा दिइएको छ।

ख. प्रस्ताव प्रस्तुतीकरण र छलफल वापत देहाय बमोजिम कूल १० अङ्क दिईनेछ:

१. प्रस्ताव प्रस्तुतीकरण बापत ५ अङ्क।

२. समय पालना बापत १ अङ्क।

३. प्रस्तुतीकरणको मौलिकता तथा प्रश्नोत्तर बापत ४ अङ्क।

प्रस्ताव प्रस्तुतीकरण र छलफलका लागि एकजना उम्मेदवारलाई बढीमा १५ मिनेटको समय दिइनेछ।

७. नेतृत्व लिने क्षमता बापत कूल १० अङ्क

(१) कार्यसम्पादनको मूल्याङ्कनका आधारमा नगर शिक्षा समितिको अध्यक्षले अधिकतम ७ अङ्क प्रदान गर्न सक्ने।

(२) विद्यालयमा सम्पादन गरेको कामका आधारमा शिक्षा युवा तथा खेलकूद शाखा प्रमुखले अधिकतम ३ अङ्क प्रदान गर्न सक्ने।

८. लिखित परीक्षा १५ अङ्क

शैक्षिक योजना, व्यवस्थापन, अनुसन्धान, शिक्षा प्रणाली र शैक्षिक नेतृत्व सम्बन्धी विषयगत समस्यामूलक प्रश्नोत्तरका लागि छनौट समितिले पैतालिस मिनेटको लिखित परीक्षा सञ्चालन गर्नेछ।

बस्तुगत प्रश्नः ५ अंक।

विषयगत प्रश्नः१० अंक।

विषयगत परीक्षामा ८० प्रतिशतभन्दा बढी अङ्क दिनुपरेमा सोको पुष्टयाइ दिनुपर्नेछ।

९. अन्तर्वार्ता कूल १० अङ्क

अन्तर्वार्ता बापतको अङ्क देहाय बमोजिम प्रदान गरिनेछः

१. व्यक्तित्व बापत १ अङ्क।

२. आत्मविश्वास बापत १ अङ्क।

३. भाषिक शुद्धता र भाषिक स्पष्टता बापत १ अङ्क।

४. नेतृत्व सम्बन्धी जानकारी बापत २ अङ्क।

५. विद्यालयको शैक्षिक गुणस्तर वृद्धिको समर्पण भाव बापत १ अङ्क।

६. शैक्षिक प्रशासनसम्बन्धी जानकारी बापत १ अङ्क।

७. शिक्षाका समसामयिक मुद्दाहरुलाई अवसरका रुपमा बदल्ने क्षमता बापत ३ अङ्क।

एकजना उम्मेदवारको अन्तर्वार्ताका लागि कम्तिमा १० मिनेटको समय प्रयोग गरिनेछ। अन्तर्वार्तामा ४० प्रतिशतभन्दा कम र ८० प्रतिशत भन्दा बढी अङ्क दिनु परेमा सोको पुष्टयाइ दिनुपर्नेछ।

माथिका आधार र मापदण्डमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने शिक्षक प्रधानाध्यापकको नियुक्ति पाउनका लागि योग्य हुनेछन् तर कम्तिमा ५० प्रतिशत अङ्क प्राप्त नगर्ने शिक्षक प्रधानाध्यापकको नियुक्ति पाउन योग्य हुनेछैनन्।

## परिच्छेद-४

## विविध

**१५. प्रधानाध्यापकको नियुक्ति यही कार्यविधि बमोजिम हुनेः** यो कार्यविधि लागु भए पश्चात पहिलो पटक सम्पूर्ण विद्यालयको प्रधानाध्यापकको नियुक्ति यो कार्यविधि अनुसार गरिने छ। आगामी समयमा पनि यहि कार्यविधि अनुसारनै प्रधानाध्यापकको नियुक्ति गरिनेछ।

**१६. कामकाज सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम कुनै आधारभूत तह (कक्षा १-५) को विद्यालयको शिक्षकलाई अर्को विद्यालयमा प्रधानाध्यापक तोकी कामकाजमा खटाउँदा खटी गएको विद्यालयको शिक्षकलाई नियुक्ती मिति अनुसार कनिष्ठ शिक्षकलाई प्रधानाध्यापकको पदाधिकार रहेको विद्यालयमा नगर शिक्षा समितिले कामकाजमा खटाउनेछ।

**१७. सेवा सुविधाः** यस कार्यविधि बमोजिमको कार्य गर्न बैठक बस्दा बैठक भत्ता बापतको पारीश्रमिक प्रचलित ऐन नियमावलीले तोके बमोजिम हुनेछ।

**१८. बाधा अड्काउ फुकाउने अधिकार**: यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ पर्न आएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

**१९. व्याख्या गर्ने अधिकारः** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**२०. बचाउः** यस कार्यविधिमा उल्लेख गरे बाहेकका विषयवस्तुहरु दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शिक्षा नियमावली, २०७६ बमोजिम हुनेछ।

## अनुसूची-१

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
खोटाङ जिल्ला, कोशी प्रदेश, नेपाल
प्रधानाध्यापक छनोटका लागि परीक्षाको संयुक्त पाठ्यक्रम

पूर्णाङ्क-१५
समयः४५ मिनेट

### खण्ड क
वस्तुगत परीक्षाको संयुक्त पाठ्यक्रम

पूर्णाङ्क-५
एकाईः-१ (एक)

१. सामान्य ज्ञानः २ अंक

एकाईः-२ (दुई)

१. शिक्षा सम्बन्धी आधारभूत ज्ञानः ३ अंक

### खण्ड ख
विषयगत परीक्षाको संयुक्त पाठ्यक्रम

पूर्णाङ्क-१०
एकाईः-१ (एक)

१. शैक्षिक योजना, व्यवस्थापन अनुसन्धान, शिक्षा प्रणाली, विद्यालय वित्त र शैक्षिक नेत्तृत्व १० अंक

## अनुसूची-२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
खोटाङ जिल्ला, कोशी प्रदेश, नेपाल
प्रधानाध्यापकका लागि दिइने दरखास्त फाराम
(माध्यमिक तहका लागि)

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

उम्मेदवारको नाम:
शैक्षिक योग्यता:
शिक्षक तालिम लिएको भए अवधि र नाम:
नेतृत्व क्षमता विकास तालिम लिएको भए अवधि र तालिम पूरा भएको साल:
उम्मेदवारको स्थायी ठेगाना:
शिक्षकका रुपमा सुरु नियुक्ति (अस्थायी) मिति:
नियुक्तिको तह: निमा/मा. तह भए विषय:
माध्यमिक तहमा स्थायी नियुक्ति मिति:
बढुवा भएको भए मिति र श्रेणी:
प्रधानाध्यापकका रुपमा काम गर्नुभएको भए अनुभव वर्ष:
विद्यालयमा विशेष जिम्मेवारी पाएको भए सोको विवरण:
हाल कार्यरत विद्यालयको नाम: सञ्चालित कक्षाहरु:
अहिलेको विद्यालयमा सेवा गरेको अवधि:
तपाईंको अगुवाइमा विद्यालयमा सम्पादन भएका केही रचनात्मक कामहरुभए तल उल्लेख गर्नुहोस्
१
२
३
४

......................................................................
उम्मेदवारको हस्ताक्षर
सम्पर्क नम्बर:
इमेल ठेगाना:
मिति:

## अनुसूची-३

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
खोटाङ जिल्ला, कोशी प्रदेश, नेपाल
प्रधानाध्यापकका लागि दिइने दरखास्त फाराम
(आधारभूत तहका लागि)

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

उम्मेदवारको नाम:
शैक्षिक योग्यता:
शिक्षक तालिम लिएको भए अवधि र नाम:
नेतृत्व क्षमता विकास तालिम लिएको भए अवधि र तालिम पूरा भएको साल:
उम्मेदवारको स्थायी ठेगाना:
शिक्षकका रुपमा सुरु नियुक्ति (अस्थायी) मिति:
नियुक्तिको तह:
आधारभूत तहमा स्थायी नियुक्ति मिति:
बढुवा भएको भए मिति र श्रेणी:
प्रधानाध्यापकका रुपमा काम गर्नुभएको भए अनुभव वर्ष:
विद्यालयमा विशेष जिम्मेवारी पाएको भए सोको विवरण:
हाल कार्यरत विद्यालयको नाम: सञ्चालित कक्षाहरु:
अहिलेको विद्यालयमा सेवा गरेको अवधि:
तपाईंको अगुवाइमा विद्यालयमा सम्पादन भएका केही रचनात्मक कामहरु भए तल उल्लेख गर्नुहोस् ।

१
२
३
४

.............................................................................
उम्मेदवारको हस्ताक्षर
सम्पर्क नम्बर:
इमेल ठेगाना:
मिति:

**अनुसूची-४**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

खोटाङ जिल्ला, कोशी प्रदेश, नेपाल

प्रधानाध्यापकको उम्मेदवारले बनाउने विद्यालय विकास प्रस्तावको ढाँचा

१. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय लगायत समग्र वस्तुस्थितिको विश्लेषण।
२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि।
३. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय स्थिति र अपेक्षित उपलब्धिबिचको सूचकगत अन्तर विश्लेषण।
४. अपेक्षित उपलब्धि हासिल गर्नका लागि शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय क्षेत्रमा गर्नुपर्ने सुधार योजना (रणनीति तथा कार्यनीति र कार्यक्रम सहित)।
५. प्रस्तावित योजना कार्यान्वयनको कार्ययोजना खाका (आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलाप छुट्याउनुपर्ने) र
सोको मूल्याङ्कनका सूचकहरु।
६. विद्यालय विकास प्रस्तावको भाषा, भाषिक शुद्धता, लेखाइको स्तर, विद्यालय विकास प्रस्तावको ढाँचा अनुसूचीमा
दिइएको छ।

**प्रमाणीकरण मितिः २०८०।०३।२१**

**आज्ञाले,**

**राज कुमार राई**

**नि. प्रमुख प्रशासकीय अधिकृत**